INTERNATIONAL RANGER FEDERATION

# सुरक्षित एवं संरक्षित क्षेत्रका रेन्जरहरूको सम्मेलन

## रेन्जरहरूको रोजगारी एवं कार्य अवस्थाका लागि विश्वव्यापी मापदण्ड

अन्तर्राष्ट्रिय रेन्जर महासंघ र विश्वव्यापी रेन्जर सहायता
गठबन्धनद्वारा प्रस्तावित एवं अनुमति प्रदान गरिएको।











द्वारा सहयोग प्राप्त

URSA
UNIVERSAL RANGER SUPPORT ALLIANCE

## विश्वव्यापी रेन्जर सहायता गठबन्धन (URSA)

URSA प्राकृतिक संरक्षण संस्थाहरूको एक गठबन्धन हो जसले समर्थित, पेशेवर र सक्षम रेन्जरहरूको नेटवर्क राम्रोसँग निर्माण गर्न अन्तर्राष्ट्रिय रेन्जर फेडरेसनलाई सहायता र प्रवर्द्धन गर्दछ जसले प्रभावकारी ढङ्गले प्राकृतिक संसारको संरक्षकको रूपमा कार्य गर्न सक्छ। हामी उनीहरूलाई प्रकृति, मानिसहरू र ग्रहको रक्षा गर्न अग्रपंक्तिमा समावेशी र प्रभावकारी टोलीहरू सिर्जना गर्न पैरवी गर्न सघाउँछौं। हाम्रो समयसीमासहितको सहायताले विश्वभरका रेन्जरहरूको पहिचान, स्रोत र प्रतिनिधित्वलाई प्राथमिकता दिन्छ।
www.ursa4rangers.org

## अन्तर्राष्ट्रिय रेन्जर महासंघ (IRF)

IRF को स्थापना 31 जुलाई 1992 मा युकेको पिक राष्ट्रिय निकुञ्जमा भएको थियो। यस IRF ले विश्वभरका रेन्जरहरूलाई विश्वको प्राकृतिक सम्पदाको संरक्षणमा आफ्नो सफलता र असफलताहरू साझा गर्न र सुरक्षित क्षेत्र व्यवस्थापनलाई व्यापक सार्वजनिक र सरकारी सहायता प्राप्त गर्ने कम सहायता प्राप्त गर्ने देशहरूबाट सूचना र प्रविधिको आदानप्रदान गर्ने कार्यको प्रवर्द्धन गर्न विश्वव्यापी फोरम प्रदान गर्दछ। राष्ट्रिय, राज्य र क्षेत्रीय निकायका 165 वटा रेन्जर संघहरू IRF सँग सम्बद्ध छन्।
www.internationalrangers.org

---

**मापदण्डको संकलन:** डेनियल ब्ल्याकबर्न, निर्देशक, अन्तर्राष्ट्रिय ट्रेड युनियन अधिकार केन्द्र (ICTUR)।

**रेन्जर काम गर्ने अवस्थाहरू बारे URSA को कार्य समूह:** मिशेल एनाग्नोस्टो ( वाटरलू विश्वविद्यालय), मोनिका अल्भारेज माल्भिडो (अन्तर्राष्ट्रिय रेन्जर महासंघ), माइक एपलटन (रि:वाइल्ड), एन्ड्रु क्याम्पबेल (अफ्रिकाको गेम रेन्जर संघ), क्रिस ग्यालियर्स (अन्तर्राष्ट्रिय रेन्जर महासंघ, भर्जिनिया गन (टोरन्टो विश्वविद्यालय) कारा मार्टेल (बुश गार्डन), ड्र्यू म्याकवे (WWF), विलियम मोरेटो (फ्लोरिडा विश्वविद्यालय), डोमिनिक नोम (अन्तर्राष्ट्रिय चोरी शिकारी विरोधी फाउन्डेशन), रोहित सिंह (WWF), जेम्स स्लेड (रि:वाइल्ड), ओल्गा बिगस (विश्वव्यापी रेन्जर सहायता गठबन्धन)



# सुरक्षित एवं संरक्षित क्षेत्रका रेन्जरहरूको सम्मेलन

## रेन्जरहरूको रोजगारी एवं कार्य अवस्थाका लागि विश्वव्यापी मापदण्ड

अन्तर्राष्ट्रिय रेन्जर महासंघ (IRF) र विश्वव्यापी रेन्जर सहायता गठबन्धन (URSA) ले रेन्जरको रोजगारी र काम गर्ने अवस्थाका लागि पहिलो अन्तर्राष्ट्रिय श्रम मापदण्ड ड्राफ्ट तयार पारेका छन्। उक्त मापदनको निर्माणको नेतृत्व URSA कार्य समूहको सहयोगमा अन्तर्राष्ट्रिय श्रम अधिकारका विशेषज्ञले गरेका छन्। यो विश्वभरका रेन्जरहरूको हालको काम र रोजगारीको अवस्था तथा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) द्वारा अन्य पेशाहरूका लागि विश्वव्यापी रूपमा स्थापना गरेका मापदण्डहरूमा आधारित छ।

उक्त मापदण्डले काम र रोजगारीको न्यूनतम सामान्य अवस्थाहरू तय गर्दछ जुन विश्वको जुनसुकै ठाउँमा काम गर्ने रेन्जरहरूका लागि लागु हुनुपर्छ। मापदण्ड विश्वव्यापी होस् भन्ने चाहना गर्दैगर्दा यसलाई लागु गर्ने विशिष्टता, स्थानीय परिवेशहरू, विशेष गरी सम्बन्धित रेन्जरहरूको काम, राष्ट्रिय श्रम कानुन र रेन्जर रोजगारदाताको प्रणाली र प्रक्रियाहरूद्वारा प्रभावित हुनेछन् भन्ने बुझिन्छ।

यो मापदण्ड चार मुख्य तरिकाले प्रयोग गर्न सकिन्छ:

1. वर्तमान काम र रोजगारी अवस्थाहरूको पर्याप्तता मूल्याङ्कन गर्न रेन्जर, रेन्जर संघ, सरकार, रोजगारदाता र गैरसरकारी संस्थाहरूका लागि बेन्चमार्कका रूपमा
2. रोजगारदाता र सरकारहरूलाई काम र रोजगारीको अवस्थालाई मान्यता प्राप्त मापदण्डमा सुधार गर्ने सहयोगका रूपमा।
3. विश्वभरका रेन्जर र रेन्जर संघहरूका कामलाई बढावा दिन र राम्रो अवस्थाको लागि पैरवी गर्ने आधारका रूपमा।
4. अन्तर्राष्ट्रिय रेन्जर महासंघ (IRF) र त्यस्तै रेन्जर प्रतिनिधि समूहहरूले आधिकारिक अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) उपकरणको पैरवी गर्ने लक्ष्य राख्छन्।
   यस उपकरणले विश्वव्यापी रूपमा रेन्जरहरूको कार्यस्थलहरूमा उनीहरूको अधिकारलाई समर्थन र अगाडि बढाउने छ।

ड्राफ्ट मापदण्डको पूर्ण पाठ ILO श्रम मापदण्डको विशिष्ट ढाँचामा तय गरिएको छ र www.ursa4rangers.org मा उपलब्ध छ। यो कागजात समेटिएका मुख्य क्षेत्रहरूको संक्षिप्त परिचय र सारांश हो। पूर्ण ड्राफ्ट मापदण्डलाई आधिकारिक पाठ मान्नु पर्छ र विवरणहरूको लागि यसलाई सन्दर्भ गर्नुपर्छ।

# मापदण्डको सारांश

## म लक्ष्यहरू, क्षेत्र र ध्येय

यस मापदण्डले रेन्जरहरूको कामलाई मान्यता दिन्छ, रेन्जरको कामलाई अन्तर्राष्ट्रिय श्रम मापदण्डहरूले सुरक्षित गरिएको छ भनी पुष्टि गर्छ र रेन्जरहरूका लागि थप औपचारिक रोजगारी एवं सुधारिएको पेशागत मार्गहरूका लागि आह्वान गर्ने 2016 IUCN सम्मेलनको सिफारिसमा ध्यानाकर्षण गर्दछ।

उक्त मापदण्डले रेन्जर कार्यमा पर्ने क्षेत्र र गतिविधिहरूको किसिमलाई दर्साउँछ। यसले रेन्जरहरूले सामना गर्ने फरक किसिमका खतराहरूले काममा विशेष सुरक्षाको वारेन्टी दिन्छ भन्नेमा जोड दिन्छ।

यस मापदण्डको प्राथमिक ध्यान औपचारिक रूपमा कार्यरत कर्मचारीहरूमा हुँदैगर्दा यसले धेरै रेन्जरहरूले 'अनौपचारिक रूपमा' स्वयंसेवकको रूपमा र समुदाय एवं स्थानीय अभिभावकहरू बनेर काम गर्छन् भन्ने पनि जनाउँछ। यसले 'अनौपचारिक क्षेत्र' मा पर्याप्त काम गर्ने अवस्था, सुरक्षा, स्वास्थ्य र हितलाई सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई जनाउँछ।



## II. प्रशिक्षण

- सबै रेन्जरहरूलाई अधिकारमा आधारित तालिम, सामुदायिक संलग्नता सम्बन्धी तालिम, संलग्नताका नियमहरू, न्यूनीकरण विधिहरू, बलको न्यूनतम प्रयोग, स्वास्थ्य तथा सुरक्षा र लागु हुने ठाउँमा बन्दुकको प्रयोग लगायतका आधारभूत क्षमता र अन्य सान्दर्भिक विषयहरूमा पर्याप्त प्रशिक्षण दिनुपर्छ।
- प्रशिक्षणलाई नियमित रूपमा अपडेट गरिनुपर्छ र रेन्जरहरूले उनीहरूलाई प्रशिक्षण दिइएको काम मात्र गर्नुपर्छ।



## III. कामका क्रममा हुने अधिकारहरू

- सबै रेन्जरहरूलाई उनीहरूको कर्तव्य, जिम्मेवारी र रोजगारीका सर्तहरू स्पष्ट र सही रूपमा प्रतिबिम्बित गर्ने औपचारिक सम्झौता वा रोजगारी सर्तहरूको विवरण प्रदान गर्नुपर्छ।
- सबै रेन्जरहरूले राष्ट्रिय न्यूनतम भन्दा नघटाई र राष्ट्रका अन्य उस्तै कार्यबलहरू (जस्तै, फायर फाइटरहरू, प्रहरी, नर्स) सोसरहको नियमित र निर्बाध तलब प्राप्त गर्नुपर्छ। कार्यसम्पादन र सेवाको अवधिका आधारमा तलब दरहरू बढाउनुपर्छ।
- सबै रेन्जरहरूले यो सम्झौताको अन्त्यमा बाँकी रहेको लगायतको तलबी वार्षिक बिदा (वा सट्टामा पारिश्रमिक उपलब्ध गराइनु पर्ने) पाउनु पर्छ।



### IV. काममा हुने उत्पीडन र विभेद

- सबै रेन्जरहरूले तलब, प्रशिक्षण, कर्तव्य वा अन्य पक्षहरूको हकमा कामको भेदभावपूर्ण व्यवहार गरिनु हुँदैन।
- सबै रेन्जरहरूलाई दुर्व्यवहार, हिंसा र उत्पीडनबाट बचाउनु पर्छ।
- रेन्जरहरूको प्रजनन् सम्बन्धी अधिकारहरूको सम्मान गरिनु पर्दछ।
- सबै रेन्जरहरूले आन्तरिक र बाह्य काम सम्बन्धी गुनासो प्रक्रियाहरू प्रयोग गर्न पाउनु पर्छ।



### V. आवास, उपकरण र जीविका

- सबै रेन्जरहरूलाई पर्याप्त आवास, सुविधा र जिविकाका माध्यम र उनीहरूसँगको परामर्शबाट पहिचान गरिएका उपयुक्त उपकरणहरूमा पहुँच हुनुपर्छ।
- सबै रेन्जरहरूसँग गुनासोहरू दर्ता गर्न र यस आवश्यकताको पालना नभएको भए सोको रिपोर्ट गर्ने संयन्त्रहरूमा पनि पहुँच हुनुपर्छ।



### VI. काममा स्वास्थ्य र सुरक्षा

धेरै रेन्जरहरूले काममा नियमित रूपमा उल्लेख्य जोखिमहरू सामना गर्छन् भन्ने कुरालाई ध्यानमा राख्दै यस मापदण्डले कामको बेलामा रेन्जरहरूको सुरक्षा र स्वास्थ्यको सुधार र संरक्षणका लागि व्यापक रूपरेखा प्रस्तुत गर्दछ ।

**राज्यहरूले निम्न गर्नुपर्छ (सम्बद्ध संघसंस्थाहरूसँगको परामर्शमा):**

- रेन्जरको सुरक्षा तथा स्वास्थ्य, दुर्घटना, रोग र काम सम्बन्धित जोखिमहरू र प्रशिक्षण समेट्ने तथा कामको सुरक्षित प्रक्रियाहरू आवश्यक पर्ने बारे राष्ट्रिय नीति तयार गर्ने।
- यस नीतिले रेन्जरको काम के हो भनेर स्पष्ट रूपमा खुलाउनुपर्छ र द्वन्द्वका परिस्थितिहरूमा रेन्जरहरूलाई अनुपचारिक लडाकुका रुपमा गरिने अनुपयुक्त तैनाथीको विरूद्धका प्रतिबद्धताहरू समावेश गर्नुपर्छ।
- रेन्जरहरूको सुरक्षा र स्वास्थ्यका लागि जिम्मेवार राज्य प्राधिकरण तोक्ने उक्त प्राधिकरणले निम्न कार्य गर्नुपर्छ:
  - रोजगारदाताहरूले उचित प्रक्रिया, निर्देशन र प्रशिक्षणहरू अपनाए-नअपनाएको सुनिश्चित गर्नुहोस्।
  - नियम उल्लङ्घन वा गम्भीर जोखिमको अवस्थामा जरिवाना लगाउने र कामबाट निलम्बन गर्ने अधिकारहरू छन्।

**रोजगारदाताहरूले निम्न कार्य गर्नुपर्छः**

- जोखिम मूल्याङ्कन गर्ने, ज्ञात जोखिमहरू न्यूनीकरण गर्न कार्य गर्ने, रोजगार सम्बन्धी अभिमुखीकरण, सुरक्षित उपकरण र सुरक्षामा प्रशिक्षण प्रदान गर्नुहोस् (उपयुक्त भएमा हतियार सम्बन्धी प्रशिक्षण लगायत)। जोखिम मूल्याङ्कनमा रेन्जरहरू वा तिनका प्रतिनिधिहरूलाई समावेश गरिनु पर्छ।
- जोखिम र दुर्घटनाहरूबाट बच्न कार्य समयमा सीमा र नियन्त्रणहरू स्थापना गर्नुहोस्।
- असाधारण जोखिमहरूको सम्भावनाहरू कम गर्नुहोस्, आसन्न र गम्भीर खतराको अवस्थामा अपरेसन रोक्नुहोस् र प्राथमिक उपचार र अन्य आपतकालीन सहायताको उपलब्धता सुनिश्चित गर्नुहोस्।
- रेन्जरहरूलाई सुरक्षा जानकारी सञ्चार गरिएको छ र उनीहरूले यो बुझेका छन् भन्ने सुनिश्चित गर्नुहोस् जसलाई अपरेसन अघि ब्रिफिङ गरिनु पर्छ।

**रेन्जरहरूले निम्न कार्य गर्नुपर्छः**

- स्वास्थ्य र सुरक्ष उपायहरूको पालना गर्ने, स्वास्थ्य, सुरक्षा र जोखिम न्यूनीकरण सम्बन्धी सुपरभाइजरहरूबाट मापदण्ड अनुसारको सञ्चालन प्रक्रियाहरू र निर्देशनहरू पालना गर्ने। जोखिम र दुर्घटनाहरूबाट बच्न कार्य समयमा सीमा र नियन्त्रणहरू स्थापना गर्नुहोस्।
- अपेक्षित कर्तव्य, प्रशिक्षण र मानक सञ्चालन प्रक्रियाहरूको परिभाषित दायराभन्दा बाहिरका खतरनाक परिस्थिति र अधिक जोखिमहरूबाट अलग्गिने अधिकार छ।



## VII. दुर्घटना वा चोटपटकका लागि बीमा वा क्षतिपूर्ति कार्यरत अवस्थामा

- सबै रेन्जरहरूलाई देशका अन्य समान कार्यबलहरू सोसरह (जस्तै अग्निनियन्त्रक, प्रहरी, नर्स) काम गर्दैगर्दा हुने घातक र गैर-घातक चोटपटक, रोग र कामसँग सम्बन्धित स्वास्थ्य जोखिमहरूका लागि पर्याप्त बीमा वा सामाजिक सुरक्षाले समेट्नु पर्छ।
- सम्पूर्ण रेन्जरहरूलाई कम्तिमा राष्ट्रका अन्य कामदारहरू सोसरनको सामाजिक सुरक्षा योजनामा सङ्लग्न गराउनु पर्दछ



## VIII. श्रम निरीक्षण

- जिम्मेवार अधिकारीहरूले श्रम निरीक्षणको प्रणाली स्थापना गर्नुपर्छ।



## IX. सामाजिक सुरक्षा

- सबै रेन्जरहरूलाई कम्तिमा देशका अन्य कामदारहरू सरह सामाजिक सुरक्षा योजनाहरूमा भर्ना गरिनुपर्छ।